## मिति २०८२/०३/१८ गतेसम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु प्रदिप भट्टराई र सुमी धामी भन्ने सुमित्रा सापकोटा (विशेष अदालतको मुद्दा नं. ०८०-CR-००९०,फैसला मिति २०८१/२/२४ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **प्रतिवादी प्रदिप भट्टराईलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.३४,०००/- (अक्षेरुपी चौतीस हजार रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम सजाय हुन र **प्रतिवादी सुमि धामी भन्ने सुमित्रा सापकोटाले** प्रतिवादी प्रदिप भट्टराईलाई घुस रिसवत लिने भ्रष्टाचारजन्य कसुर गर्न दुरुत्साहन दिएको पुष्टि भएको हुँदा निज प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटालाई सोही ऐनको दफा २१ बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (४) बमोजिम बिगो रु.३४,०००।-कायम गरी सोही दफाको उपदफा (४) बमोजिम प्रतिवादी प्रदिप भट्टराईलाई हुने सजायको आधा सजाय हुन समेतको मागदावी | **फैसलाः**<br>विशेष अदालतबाट मिति २०८१/०२/२४ मा प्रतिवादीहरु प्रदिप भट्टराई र सुमी भन्ने सुमित्रा सापकोटाले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई फैसला भएको देखिन्छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>**क.**प्रतिवादी प्रदिप भट्टराईले रिसवत बापत रकम लिएको भन्ने पुष्टि हुने अडियो, भिडियो आदी कुनै पनि बस्तुगत प्रमाणहरु पेश गर्न सकेको देखिदैन साथै रकम लिएको, बरामद भएको वा बैंक स्थान्तरण वा अन्य व्यक्तिलाई राख्न दिएको तथ्य पुष्टि हुने प्रमाण मिसिलबाट देखिंदैन। | **विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला देहायको आधार र कारणबाट उक्त फैसला बदरभागी रहेको छः-**<br>**क.**प्रतिवादीहरु मध्येका प्रदिप भट्टराई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा कम्प्युटर इन्जिनियरको रुपमा करारमा नियुक्त भएको र निजलाई राष्ट्रिय परिचयपत्रको सहजिकरणको लागि राहदानी विभागमा खटाईएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको टिप्पणीबाट देखिंदा निज प्रतिवादी प्रदिप भट्टराई राष्ट्रसेवक कर्मचारी रहेकोमा विवाद छैन भने अर्का प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटा राष्ट्रसेवक कर्मचारी रहेको अवस्था छैन तर निजले प्रतिवादी प्रदिप भट्टराईलाई घुस/रिसवत दिने कार्यमा दुरुत्साहन गरी निवेदक ईश्वर धामीलाई सम्पर्क नम्वर दिई तथा घुस/रिसवत वापतको रकम प्रदिवादी प्रदिप भट्टराईको खाता नम्वरमा रकम जम्मा गर्न लगाएको तथा प्रत्यक्ष रुपमा घुस/रिसवत दिन तथा लिन लगाउने कार्य गरेको मिसिल संलग्न निवेदक तथा प्रतिवादीहरु विचको कल डिटेल, निवेदकहरुको राहदानी बनेका मितिहरु तथा बैक स्टेटमेण्टबाट पुष्टि भईरहेको अवस्थामा निज प्रतिवादीहरु प्रदिप भट्टराई र सुमी धामी भन्ने सुमित्रा सापकोटालाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>**ख. प्रतिवादी प्रदिप भट्टराईको हकमाः** राष्ट्रिय परिचय पत्र तथा पञिकरण विभागको पत्र उजुरीमा/राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट राष्ट्रिय परिचय पत्र सहजिकरणको लागि राहदानी विभागमा खटाईएका कम्प्यूटर ईन्जिनियर प्रदिप भट्टराईले सेवाग्राहीहरूलाई राहदानी बनाई दिने भनी रकम लिएको हुँदा कानून बमोजिम कारवाही गरी पाउँ भन्नेसमेत बेहोराको उजुरी निवदेन उपर थप अनुसन्धान पश्चात प्रतिवादीहरु प्रदिप भट्टराई र सुमि धामी भन्ने सुमित्रा सापकोटा समेत उपर दायर भएको प्रस्तुत मुद्दामा निज प्रतिवादी प्रदिप भट्टराईले ईश्वर धामी, ईन्द्र धामी र सुरेश रोकायालाई तत्काल राहदानी बनाईदिए वापत सुमी धामी भन्ने सुमित्रा सापकोटाको सहयोगमा ईश्वर धामीको राहदानी बनाइदिए वापत निज सुमित्रा सापकोटाले निजको व्यूटीपार्लरमा काम गर्ने अन्जु गोलेलाई नगद रु.१०,०००।- मनिराम शर्मालाई दिन लगाई निज मनिराम शर्माले आफ्नो नाममा रहेको ग्लोवल आई.एम.ई.बैंकको खाता नं.२४०८०१०००११४ बाट प्रतिवादी प्रदिप भट्टराईको मेगा बैंकको खाता नं. ०९२०५०८००३२३३९ मा रु.१०,०००।— पठाएको बैंक उक्त बैकहरुको पत्रबाट तथा प्रतिवादीहरु र निवेदक विचको कल डिटेलबाट देखिन्छ। त्यसै गरी निवेदक ईश्वर धामीले ईन्द्र धामी र सुरेश रोकायाको तत्काल राहदानी बनाईदिए वापत प्रतिव्यक्ति रु.१२,०००।— गरी दुईजनाको रु.२४,०००।- प्रदिवादी प्रदिप भट्टराईलाई नगद दिएको र सो मध्येको रकम रु.२०,०००।- निज प्रतिवादी प्रदिप भट्टराईले आफैले आफ्नो मेघा बैंकमा जम्मा गरेको भौचर समेत देखिंदा निजले राजस्व दस्तुर बाहेक जम्मा रु.३४,०००।- घुस/रिसवत लिएको र सो रकम प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटाले लिन लगाएको प्रतिवादीहरु तथा निवेदकहरु बिच |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **ख.**प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटाको हकमा प्रतिवादी प्रदिप भट्टराई उपरको आरोप दावी नै स्थापित नभएको अवस्थामा द्वितीय तहको दुरुत्साहनकर्ताको कसुर स्थापिन हुन सक्ने देखिन आएन। | भएको कल डिटेल र आरोपपत्रमा उल्लेख गरीएको फ्लोचार्ट तथा निवेदकहरु ईश्वर धामी र सुरेश रोकाय समेतले अदातल समक्ष निवेदनको व्यहोरा समर्थित हुने गरी गरिदिएको बकपत्र समेत समेतका सवुद प्रमाणहरुबाट प्रतिवादी प्रदिप भट्टराईले घुस/रिसवत लिएको पुष्टि भईरहेको अवस्थामा उक्त प्रमाणहरुको उचित मुल्यांकन नगरी भएको प्रस्तुत फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटी पूर्ण रही बदर भागी छ।<br>**पप्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटाको हकमाः** निज प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटाले पहिले आफ्नो राहदानी बनाउदा चिनजान भएका प्रतिवादी प्रदिप भट्टराईसँग ईश्वर धामीको सम्पर्क गराएको, निज ईश्वर धामीको राहदानी छिट्टै बनाई दिए वापत प्रतिवादी प्रदिप भट्टराईले निज इश्वर धामीबाट रु.१०,०००।– र ईश्वर धामीले ईन्द्र धामी र सुरेश रोकायाको राहदानी बनाए वापत प्रतिव्यक्ति रु.१२,०००।– का दरले रु.२४,०००।– प्रतिवादी प्रदिप भट्टराईलाई नगद दिएको र सो मध्येको रकम रु.२०,०००।- निज प्रतिवादी प्रदिप भट्टराईले आफैले आफ्नो मेघा बैंकमा जम्मा गरेको भौचर समेत देखिंदा निजले राजस्व दस्तुर बाहेक जम्मा रु.३४,०००।- घुस/रिसवत लिएको, साथै प्रतिवादी सुमि धामी भन्ने सुमित्रा सापकोटाले रु.१०,०००।– रकम अन्जु गोले हुँदै मनिराम शर्माको खाता मार्फत प्रतिवादी प्रदिप भट्टराईको खातामा जम्मा गरेको समेत देखिएको र निवेदक ईश्वर धामी समेत र प्रतिवादीहरु प्रदिप भट्टराई र सुमी धामी भन्ने सुमित्रा सापकोटा विच पटक पटक फोन सम्पर्क भएको कल डिटेलबाट पुष्टि हुँदा प्रतिवादी सुमि धामी भन्ने सुमित्रा सापकोटाले प्रतिवादी प्रदिप भट्टराईलाई घुस रिसवत लिने कसुर जन्य कार्य गर्न दुरुत्साहन दिएको मिसिल संलग्न सवुत प्रमाणहरुले पुष्टि गरिरहेको अवस्थामा उल्लिखित प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादी सुमी धामी भन्ने सुमित्रा सापकोटालाई समेत सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>अतः माथि विवेचित आधार कारण र मिसिल संलग्न तथ्य तथा सवुद प्रमाणहरु *एवं भ्रष्टाचारको कसुरमा गोप्य अनुसन्धान गर्दा प्रयोग गर्ने संकित व्यक्ति उपर सुष्म निगरानी गर्ने, कुनै सेवाग्राही र राष्ट्रसेवक बिच रिसवत लेनदेन भएको सो रकम बरामद गरी प्रमाण संकलन गर्ने, प्रविधिको माध्यमबाट श्रव्यदृष्य तयार पार्ने, प्रमाणको वैज्ञानिक संकलन र परिक्षण गर्ने प्रतिवादी सँगको सम्पत्तिको स्रोत खोज्ने लगायतका आवश्यक र उपयुक्त तरिका अपनाउनु आवश्यक हुने यीनै प्रमाणको आधारमा प्रतिवादीले घुस खाने मनसाय राखेको थियो, त्यस अनुसार घुस रकम मागेको थियो र स्वेच्छाले रकम बुझेको थियो भन्ने पनि पुष्टि हुनुपर्ने भनि* ***सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७९, अंक १०, नि.नं.१०९५८*** *मा प्रतिपादीत सिद्धान्त* अनुसार पनि यी प्रतिवादी विरुद्धको कसुर मिसिल संलग्न प्रमाणबाट पुष्टि भई रहेकोले निज प्रतिवादी प्रदिप भट्टराईले ईश्वर धामी, ईन्द्र धामी र सुरेश रोकायालाई तत्काल राहदानी बनाईदिए वापत सुमी धामी भन्ने सुमित्रा सापकोटाको सहयोगमा ईश्वर धामी मार्फत राजस्व दस्तुर बाहेक थप रु.३४,०००।- घुस/रिसवत लिएको तथा लिन लगाएको पुष्टि भईरहेको अवस्थामा निज **प्रतिवादीहरु प्रदिप भट्टराई र सुमी धामी भन्ने सुमित्रा सापकोटालाई** सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिमको कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |